## आ.व २०८२।०८३ को आठौं कार्यपालिका बैठक

आज मिति २०८२।०९।२३ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षतामा तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यस प्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २. | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३. | सदस्य (वडा नं. १ अध्यक्ष) | श्री गेमे खड्का | |
| ४. | सदस्य (वडा नं. २ अध्यक्ष) | श्री पहलवान चौधरी | |
| ५. | सदस्य (वडा नं.३ अध्यक्ष) | श्री उमेश अधिकारी | |
| ६. | सदस्य (वडा नं.४ अध्यक्ष) | श्री विर बहादुर चौधरी | |
| ७. | सदस्य (वडा नं. ५ अध्यक्ष) | श्री देव प्रसाद चौधरी | |
| ८. | सदस्य (वडा नं. ६ अध्यक्ष) | श्री दीपक कुमार चौधरी | |
| ९. | सदस्य (वडा नं. ७ अध्यक्ष) | श्री सिताराम चौधरी | |
| १०. | सदस्य (वडा नं.८ अध्यक्ष) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११. | सदस्य (वडा नं. ९ अध्यक्ष) | श्री रिम बहादुर सुनारी मगर | |
| १२. | सदस्य | श्री पार्वती सुबेदी | |
| १३. | सदस्य | श्री चम्फा भुसाल | |
| १४. | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५. | सदस्य | श्री गिता चौधरी | |
| १६. | सदस्य | श्री सावित्री चौधरी | |
| १७. | सदस्य | श्री संजिव परियार | |
| १८. | सदस्य सचिव | श्री देविराम पाठक | |
| आमन्त्रित | | | |
| १९. | श्री विकास ओवाली | प्रशासकीय अधिकृत | |
| २०. | श्री नारायण -घिमिरे | सहायकलेखापाल | |
| २१. | श्री सन्जिला चौधरी | का.स. | |
| २२. | | | |

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८२।८३
बैठक नं. ८
मिति २०८२।०९।२३

**मिति २०८२।०९।२३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु।**

| क्र. सं. | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| १ | शोक प्रस्ताव सम्बन्धमा | हार्द्धिक समवेदना तथा श्रद्धान्जली प्रकट गर्ने। | |
| २ | आ.व. २०८२।८३ को योजना तथा कार्यक्रम संसोधन तथा रकमान्तर सम्बन्धमा | स्विकृत गरी सभामा पेश गर्ने। | |
| ३ | राप्ती गाउँपालिकाको व्यवसाय दर्ता विधेयक सम्बन्धमा | स्विकृत गरी सभामा पेश गर्ने। | |
| ४ | राप्ती गाउँपालिकाको करार सेवाका कर्मचारीहरु सेवा, सुविधा र शर्त सम्बन्धी विधेयक २०८२ सम्बन्धमा | स्विकृत गरी सभामा पेश गर्ने। | |
| ५ | राप्ती गाउँपालिकाको दलित शसक्तिकरण सम्बन्धमा बनेको विधेयक सम्बन्धमा | स्विकृत गरी सभामा पेश गर्ने। | |
| ६ | समपुरक अनुदान अनुदान अन्तरगत कार्यान्वयन हुन आयोजना/ कार्यक्रम सम्बन्धमा। | योजना छनौट गरी सिफारिस गर्ने | |
| ७ | विशेष अनुदान अन्तरगत कार्यान्वयन हुने आयोजना/ कार्यक्रम सम्बन्धमा। | योजना छनौट गरी सिफारिस गर्ने | |
| ८ | पदपुर्ति सम्बन्धमा | पशु चिकित्सक पदको पदपुर्ति पकृया अगाडि बढाउने | |
| ९ | सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धमा | कार्यविधि स्विकृत गरी कोषमा आवद्धता गर्ने पकृया अगाडी बढाउने। | |
| १० | माघी पर्व सम्बन्धमा | आर्थिक सहयोग गर्ने। | |
| ११ | माघी विशेष कार्यक्रम सम्बन्धमा | आर्थिक सहयोग गर्ने। | |
| १२ | नविकरण सम्बन्धमा | करार अवधि सकिएका कर्मचारीको सम्झौता नविकरण गर्ने। | |

देवीराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२।८३
बैठक नं. ८
मिति २०८२।०९।२३

**मिति २०८२।०९।२३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु ।**

**निर्णय नं.१** – राप्ती गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,देउखुरीमा वरिष्ठ लेखा सहायक पदमा कार्यरत श्री रेशमराज अधिकारीज्यूको ममतामयी माता श्री मन कुमारी अधिकारीको मिति २०८२।०९।२२ गते भएको स्वर्गारोहण प्रति दुख व्यक्त गर्दै मृतक आत्मा प्रति हार्दिक श्रद्धान्जली तथा चीर शान्तीको कामना गर्दै परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने ।

**निर्णय नं.२** – राप्ती गाउँपालिकाको आ.व. २०८२।८३ को योजना तथा कार्यक्रम संसोधन तथा रकमान्तर सम्बन्धी प्रस्ताव २०८३ स्विकृत गरी सभामा पेश गर्ने ।

**निर्णय नं.३**-राप्ती गाउँपालिकाको व्यवसाय दर्ता विधेयक, २०८२ स्विकृत गरी सभामा पेश गर्ने ।

**निर्णय नं. ४**- राप्ती गाउँपालिकाको करार सेवाका कर्मचारीहरु सेवा, सुविधा र शर्त सम्बन्धी विधेयक २०८२ स्विकृत गरी सभामा पेश गर्ने ।

**निर्णय नं.५** - राप्ती गाउँपालिकाको दलित शसक्तिकरण सम्बन्धमा बनेको विधेयक २०८२ स्विकृत गरी सभामा पेश गर्ने ।

**निर्णय नं. ६**– आ.व. २०८३।८४ का लागि संघीय समपूरक अनुदान अन्तरगत देहायका योजनाहरु माग गर्ने ।

| क्र.सं. | योजनाको नाम | संघीय स्रोतबाट प्राप्त हुने रकम | पालिकाले व्यहोर्ने रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | राप्ती चक्रपथ उत्तर खण्ड ( वडा नं. ४, ८ र ५)विस्तार तथा स्तरोन्नती | २,००,००,०००/- | ३,००,००,०००/- | ५,००,००,०००/- |
| २ | सांसद रोड सडक स्तरोन्नती तथा कालोपत्रे राप्ती ५ दाङ | १,००,००,०००/- | १,५०,००,०००/- | २,५०,००,०००/- |

**निर्णय नं. ७** -आ व २०८३।८४ का लागि संघीय विशेष अनुदान अन्तरगत देहायका योजनाहरु माग गर्ने ।

| क्र.सं. | योजनाको नाम | संघीय स्रोतबाट प्राप्त हुने रकम | कैफियत |
|---|---|---|---|
| १ | कृषि उपज बजारीकरण(कृषि हाटबजार संरचना निर्माण तथा व्यवस्थापन) राप्ती ८ पिपरी | ५०,००,०००/- | |
| २ | राप्तीका युवा र महिला उद्यमशिलतामा पहिला कार्यक्रम | ५०,००,०००/- | |
| ३ | युवाहरुका लागि सूचना प्रविधिमा आधारित नव प्रर्वद्धन केन्द्र स्थापना तथा संचालन | ५०,००,०००/- | |

आ.व. २०८२।८३

बैठक नं. ८

मिति २०८२।०९।२३

**निर्णय नं.८-** संघिय शसर्त अनुदान तर्फ एक पालिका एक भेटेनरी डाक्टर कार्यक्रम अन्तरगत राप्ती गाउँपालिकामा रिक्त रहेको पद पशु चिकित्सक पदको पदपूर्ती पकृया अगाडी बढाउने ।

**निर्णय नं.९-** राप्ती गाउँपालिकाको कार्यालय, वडा कार्यालय , स्वास्थ्य संस्थाका करार सेवामा कार्यरत कर्मचारीहरु र राप्ती गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयमा गाउँपालिकाबाट तलब भत्ता लिने अस्थायी तथा करार शिक्षक कर्मचारीहरु सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने प्रयोजनका लागि राप्ती गाउँपालिकाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी कार्यविधि मस्यौदा तर्जुमा गरी आगामी कार्यपालिकामा छलफल गर्ने ।

**निर्णय नं.१०-**थारु कल्याणकारी सभा, राप्ती गाउँपालिका ईकाई समितिद्धारा मिति २०८२।१०।०५ गते हुने माघ महोत्सव तथा थारु साँस्कृतिक कार्यक्रमलाई राप्ती गापाको आ.व. २०८२।८३ बार्षिक स्विकृत कार्यक्रम अन्तरगत धार्मिक, साँस्कृतिक सम्पदा संरक्षण दिवस जात्रा, पर्व स्थानीय धर्म संस्कृति खर्च संरक्षण शिर्षकबाट रु १,५०,०००/- (अक्षरुपी रु एक लाख पचास हजार मात्र) विल भर्पाईका आधारमा आर्थिक सहायता प्रदान गर्ने ।

**निर्णय नं.११-**श्री तमु ह्युल छोंज धि,ईकाई कार्य समिति राप्ती गापा ८ पिपरी दाङको च.नं. ०९ मिति २०८२।०९।०६ गतेको पत्रमा उल्लेख भए बमोजिम तमु लोसार (२०८२।०९।११५) को अवसरमा गुम्बामा रगरोगन तथा विविध कार्यक्रम संचालनका लागि धार्मिक,साँस्कृतिक सम्पदा संरक्षण दिवस, जात्रा, पर्व स्थानीय धर्म संस्कृति संरक्षण खर्च शिर्षकबाट रु ७०,०००/- (अक्षरुपी रु सत्तरी हजार मात्र) विल भर्पाईका आधारमा आर्थिक सहायता प्रदान गर्ने ।

**निर्णय नं. १२-** क्रियटिङ पोसिबिलिटिज नेपालद्धारा आयोजित २०८२ माघ ८ देखि १० गते सम्म माघी विशेष कार्यक्र अन्तरगत सातौं महिला फुटवल, कुर्सी दौड, डोरी तान्ने र चकलेट दौड प्रतियोगिता लाई राप्ती गापाको आ.व. २०८२।८३ बार्षिक स्विकृत कार्यक्रम अन्तरगत धार्मिक, साँस्कृतिक सम्पदा संरक्षण दिवस जात्रा, पर्व स्थानीय धर्म संस्कृति खर्च संरक्षण शिर्षकबाट रु २२,०००/- विल भर्पाईका आधारमा आर्थिक सहायता प्रदान गर्ने।

**निर्णय नं. १३-** राप्ती गाउँपालिकाको स्विकृत करार दरवन्दी तर्फ सेवा करारमा रही अन्तरगत राप्ती आधारभुत अस्पतालमा कार्यरत मेडिकल अधिकृतलाई पारिश्रमिक, सेवा सुविधा वापत मासिक रुपमा अधिकृतस्तर आठौं तहको पारिश्रमिक रु ४८,७३७/-, मासिक बन्दोबस्ती खर्च रु १५,०००/-, मासिक यातायात खर्च रु १०,०००/- उपलब्ध गराउने। सो बाहेक वार्षिक रुपमा नियमानुसार पोशाक खर्च र चाडपर्व खर्च उपलब्ध गराउने। रात्रिकालिन सेवा गरेवापत प्रति रात रु १५० का दरले खाजा खर्च उपलब्ध गराउने ।

**निर्णय नं. १४ –** राप्ती गाउँकार्यपालिकाको कार्यालय, अन्तरगतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा करार सेवामा कार्यरत २०८२ साल पौष मसान्तमा करार अवधि समाप्त भएका कर्मचारीहरुको २०८३ असार मसान्त सम्मका लागि सम्झौता नविकरण गर्ने ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत